# सारांश (ABSTRACT)


नेपाली, हिन्दी, बङ्गला आदि आधुनिक भारतीय भाषामा उपन्यास नामले परिचित विधा अन्यान्य विधाका तुलनामा अपेक्षाकृत नयाँ विधा हो। जीवन-जगत्‌बाट चरित्र तथा घटनाहरू बटुलेर प्रचलित भाषामा यथार्थ ढङ्गमा प्रस्तुत गर्ने गुणविशेष भएकोले उपन्यास आधुनिक युगको महत्त्वपूर्ण विधा मानिन्छ। समयावर्तन एवम् मानव जीवनसँगै होड गर्ने यस विधामा भएको लचिलो गुणका कारण निरन्तर विविधता, वैचित्र्य र परिवर्तनशीलता लक्षित हुन्छ। यस विधाले तय गरेको विभिन्न मोडका क्रममा देखा परेको एउटा नवीन रूप हो **आञ्चलिक उपन्यास**। एउटा निश्चित भौगोलिक क्षेत्रमा बसोबास गर्ने मानिस अनि उनीहरूका जीवनमा प्रभाव पार्ने त्यहाँको भू-प्राकृतिक, सामाजिक परिवेश, आर्थिक-राजनीतिक अवस्था, मनोविज्ञान, लोकसंस्कृति, लोकविश्वास (परम्परा, मान्यता, विश्वास, रूढि) तथा भाषा आदिको चित्रण, वर्णन र अङ्कन गरिएको उपन्यासलाई **आञ्चलिक उपन्यास** भनिन्छ।

कुनै अञ्चललाई नजिकबाट अनुभूत गरेका लेखकहरूले सुदूर, दुर्गम जङ्गल, पहाड, नदी, जङ्घार, विस्तृत समतल, नदी किनार, नदी केन्द्रित फाँट, बलौटे अञ्चलमा आइपर्ने बाढ, पैह्रो, खडेरी, यातायात आदि असुविधासँग सङ्घर्षरत्  दु:साहसिक र पीडाप्रद जीवन व्यतीत गर्ने निम्नवर्गीय मानिसहरूका जीवनधाराको यथार्थ चित्रण गर्न देखाएको तत्परताबाट विकसित **आञ्चलिक उपन्यास** लेखनको प्रवृत्तिमा स्वच्छन्दतावाद र यथार्थवादको पनि गहिरो प्रभाव देखिन्छ। अञ्चलका असहाय, निम्नवर्गीय निवासीप्रति स्नेह, सहानुभूति राख्दै उनीहरूको पछौटेपनका निम्ति उत्तरदायी तत्त्वहरू चिह्नित गर्दै परिवर्तनको आग्रह प्रकट गरिएका हुनाले यसमा आलोचनात्मक यथार्थवाद र प्रगतिवादको पनि प्रभाव परेको बुझिन्छ। यसप्रकार स्वच्छन्दतावाद र यथार्थवादको सायुज्यता (फ्युजन) तथा आलोचनात्मक यथार्थवाद, प्रगतिवाद र मनोविज्ञानको समेत प्रभावद्वारा उत्तरोत्तर विकसित आञ्चलिक उपन्यासमा पर्यावरणले प्रधानता पाएको देखिन्छ। देश-दुनियाँको खबरबाट बेखबर दुर्गम अञ्चलका मानव जीवनमा देखापर्ने सुख-दुःख, आँसु-हाँसो, सजिला-अपठ्यारा, ज्ञान-अज्ञानता, धर्म-विश्वास, संस्कार-कुसंस्कार, संस्कृतिमा उनीहरूको पर्यावरणको प्रष्ट छाप देख्न सकिन्छ। अञ्चल विशेषको पर्यावरणको प्रभावमा दुःसाहसिक जीवन

व्यतीत गरिरहेको जन समुदायप्रति सहानुभूति, प्रेम र जीवनबोधका आधारमा अङ्कन गरेको हुनाले आञ्चलिक उपन्यासको स्वाद कुनै पनि देशका पाठकलाई नयाँ र विशिष्ट किसिमको लाग्दछ।

युरोप अनि अमेरिकामा उन्नाइसौँ शताब्दीको अन्त र बीसौँ शताब्दीको प्रारम्भिक कालदेखि गद्याख्यान एवम् काव्यकृतिहरूमा उपेक्षित रहेको अभेक र विकट गाउँठाउँको गृहविरही (नोस्टाल्जिक) भावुक वर्णन गर्नथालेपछि **स्थानीय रङ्ग**युक्त लेखनको बिस्तार हुनगई **आञ्चलिक उपन्यास**को जन्म भएको मानिन्छ। स्वच्छन्दतावादको विसर्जन र यथार्थवादको अनुसरण गर्ने क्रममा दुवैको प्रभावलाई ग्रहण गरी विशेष भूखण्ड र जनजीवनको सामाजिक, आर्थिक, राजनीतिक र सांस्कृतिक पक्षको अङ्कनमा प्रवृत्त रहेको आञ्चलिकतावादी आख्यान विधा विश्वभरि नै लोकप्रिय र प्रसिद्ध भएको छ।

आञ्चलिक उपन्यासको सूत्रपात गर्ने श्रेय अङ्ग्रेजी उपन्यासकार मेरिया एजवर्थ (सन् १७६७-१८४९) ले पाएकी छन्। उनको *क्यासल रेकरेन्ट* (सन् १८००) लाई पहिलो आञ्चलिक उपन्यास मानिन्छ। मेरिया एजवर्थ बाहेक थोमस हार्डी, बिट हार्ट, स्टो, जिवेट, अर्नेष्ट हेमिङ्ग्वे, मार्क ट्वेन, बिला क्याथर, विलियम फक्नर, स्टेनबेक, लुई सिंक्लेयर, मोपाँसा आदि आञ्चलिक उपन्यासको विकासमा प्रमुख आख्यानकार हुन्।

अमेरिकामा गृहयुद्ध (सन् १८६१-१८६५) तथा उन्नाइसौँ शताब्दीको अन्ततिर आञ्चलिक साहित्य लेखनको आन्दोलन चलेकोले संसारका धेरै भाषा साहित्यमा यसको स्वत:स्फूर्त प्रभाव पर्नगयो। भारतमा सर्वप्रथम सन् १९३० देखि *कल्लोल* (पत्रिका) समूहका लेखक शैलजानन्दले ‘कोयलाकुठी’ (सन् १९३०) र ‘दिनमजुर’ (सन् १९३२) जस्ता कथाहरूमा आञ्चलिकतावादी लेखनको उद्भावन गरे। शैलजानन्दका यी दुईवटा कथाहरूबाट प्रेरित र प्रभावित बनेर *कल्लोल* समूहकै ताराशङ्कर बन्दोपाध्यायले *हाँसुली बाँकेर उपकथा* (सन् १९४७) उपन्यास लेखेपछि बङ्गला भाषामा आञ्चलिक उपन्यासको विकास प्रारम्भ भएको देखिन्छ। बङ्गला आञ्चलिक उपन्यासकार सतीनाथ भादुडीको *ढोँडाइ चरित मानस* (सन् १९४९) र विभूतिभूषण बन्दोपाध्यायको *आरण्यक* (सन् १९३८) उपन्यासहरूबाट प्रेरित बनेर फणीश्वरनाथ रेणुले *मैला आँचल* (सन् १९५४) लेखेपछि हिन्दी आञ्चलिक उपन्यास लेखन प्रारम्भ भएको मानिन्छ। बङ्गला र हिन्दी साहित्यिक

जगत्मा प्रसिद्धिको ध्वजोत्तोलन भइसकेको पृष्ठभूमिमा शङ्कर कोइरालाको *खैरिनी घाट* (सन् १९६१) उपन्यास प्रकाशित भएपछि नेपाली आञ्चलिक उपन्यासको सूत्रपात हुनगएको देखिन्छ।

**नेपाली र बङ्गला भाषाका आञ्चलिक उपन्यासहरूको तुलनात्मक अध्ययन** शीर्षक यस शोधप्रबन्धमा नेपाली र बङ्गला आञ्चलिक उपन्यासको उत्स केलाएर तिनका तुलनात्मक अध्ययनका निम्ति निम्न छवटा अध्याय संरचना गरी कार्य सम्पन्न गरिएको छ :

१. पहिलो अध्यायमा शोधकार्य सम्बन्धी परिचयका साथै शोधकार्यको फलप्राप्ति वा निष्कर्ष प्रस्तुत गरिएको छ।
२. दोस्रो अध्यायमा नेपाली र बङ्गला भाषाका आञ्चलिक उपन्यासहरूको तुलनात्मक अध्ययनको आधार स्वरूप आञ्चलिकताको सैद्धान्तिक मानदण्ड तय गर्ने प्रयास गरिएको छ। आञ्चलिकताको अवधारणा सम्बन्धी उत्पन्न भ्रमलाई स्पष्ट पार्न हेतु साहित्यमा प्रचलित कतिपय साहित्यिक वादहरूसँग यसको तुलनात्मक अध्ययन प्रस्तुत गरिएको छ।
३. तेस्रो अध्यायमा नेपाली र बङ्गला आञ्चलिक उपन्यासको प्रारम्भ, परम्परा र विकासक्रम केलाउने प्रयास भएको छ। यसक्रममा नेपाली र बङ्गला आञ्चलिक उपन्यासको परम्परालाई प्रकाश पार्न अङ्ग्रेजी र हिन्दी आञ्चलिक उपन्यासको समेत सर्वेक्षणात्मक इतिहास प्रस्तुत गरिएको छ।
४. चौथो अध्यायमा आञ्चलिकताको सैद्धान्तिक मानदण्डका आधारमा पूर्णाङ्ग आञ्चलिक मानिएका नेपाली र बङ्गला भाषाका प्रमुख आठवटा आञ्चलिक कृति र कृतिकारहरूको परिचय दिइएको छ।
५. पाँचौँ अध्यायमा नेपाली र बङ्गला भाषाका प्रमुख आठवटा आञ्चलिक उपन्यासहरूमा अङ्कित भौगोलिक, सामाजिक, सांस्कृतिक, आर्थिक स्थितिको चित्रण, धार्मिक मनोवृत्ति, पात्रहरूका मनोविज्ञान र उपन्यासमा प्रयुक्त भाषा सम्बन्धी विश्लेषण र तुलनात्मक अध्ययन प्रस्तुत गरिएको छ।
६. छैटौँ अध्यायमा शोधकार्यको उपसंहार, मूल्याङ्कन र निष्कर्ष प्रस्तुत गरिएको छ।

नेपाली र बङ्गला दुईवटा अलग अलग भाषा भए तापनि दुवै भाषामा लेखिएका साहित्यको उद्देश्य मानव जीवन र जगत्को कलात्मक अङ्कन तथा कल्याणको आकाङ्क्षा रहेको बुझिन्छ। साहित्य भाषिक कला मात्र नभएर चराचर जगत्को हित साधक पनि हो भन्ने कुरामा दुईमत पाइँदैन। पूर्वीय र पश्चिमी जगत्मा रचिएका आजसम्मका साहित्यिक कृतिहरूले यसै कुरालाई पुष्टि गर्दछन्। समयको उत्तरोतर प्रगतिसँगै मान्छेले गर्दै आएको उन्नति तथा अवनतिको मूल्याङ्कन गरी लोककल्याणकारी मार्ग दर्शन गर्ने साहित्यिक शिल्पमा नवीनता प्रक्षेप गर्दै देखापरेको उपन्यास विधा वर्तमानकालमा सबैभन्दा प्रसिद्ध विधा बनेको देखिन्छ। औपन्यासिक लेखन कलाको इतिहासमा **आञ्चलिक उपन्यास** नामले परिचित र प्रसिद्ध यस विधाको विकासक्रममा नेपाली र बङ्गला भाषाका आञ्चलिक उपन्यासहरूले विश्वलाई एउटा नयाँ जगत् र जीवन निदर्शन गराएका छन्। यस शोधप्रबन्धमा विश्लेषित आठवटा उपन्यासहरूले विभिन्न काल, स्थान र परिवेशको जीवनधारा प्रदर्शन गरे तापनि तिनमा प्रस्तुत जीवनको स्वरूप र स्वाद विशिष्ट हुनका साथै सार्वजनीन पनि हुनसकेको तथ्य शोधकार्यमा स्पष्ट पारिएको छ। यसप्रकारको अध्ययनद्वारा विश्वका विभिन्न भाषाको साहित्यसँग नेपाली भाषा-साहित्यको तुलनात्मक अध्ययन गर्ने मार्ग प्रशस्त हुनसक्ने विश्वास रहेको छ। भाषा-साहित्यको तुलनात्मक अध्ययनद्वारा अन्तर्राष्ट्रिय सद्भावना, प्रेम-प्रीति, मानवतावादी गुण र साहित्यिक कलाको विकासमा पनि सहयोग पुग्नसक्ने ठहर गरिन्छ।